16th
Annual Report
2073/74

LIC

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

विश्वासको अर्को नाम, एल.आई.सी. नेपाल
जीवन रहँदा पनि, जीवन पश्चात् पनि



*figures shown in million

जीवन बीमा कोष - निरन्तर बृद्धि


www.licnepal.com.np
रहने छ साथ,
जीवन पश्चात्
एल.आई.सी. नेपालको
LIC NEPAL जीवन SAATHI
बीमा अवधिमा बीमितको निधन भएमा बीमाङ्क र बोनस रकम इच्छाइएको व्यक्तिलाई प्रदान गरिने र बाँकी अवधिको लागि निजको पति/पत्नीलाई बीमाङ्कको ५०% नि:शुल्क जीवन बीमा जोखिम बहन हुने ।*
अनुपम विशेषताहरु:
• न्यून बीमाशुल्कमा उच्च लाभ सहितको सावधिक जीवन बीमा
• आकर्षक बोनस प्रतिफल
• अधिकतम रु. ७५ लाखसम्मको दुर्घटना लाभ प्राप्त हुने
• लगानीमा सरल तरलता उपलब्ध हुने
FREE मा जीवन साथीको समेत जीवन बीमा जोखिम बहन हुने योजना ।*
*शर्तहरु लागू हुने ।
विस्तृत जानकारीको लागि नजिकको शाखा कार्यालय वा एल. आई. सी. अभिकर्तासँग सम्पर्क गर्नुहोस् ।
प्रतिबद्धता जीवन साथीको लागि !
LIC
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
LIC Nepal is WINNER of,
- Nepal Best Brand Leadership Awards, 2018
- Emerging Asia Insurance Awards, 2018
- Highest Tax Payer Life Insurer Awards in 2072 & 2073

विषय सूची

Table of Contents

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
(भारतीय जीवन बीमा निगमको संयुक्त लगानीमा स्थापित)
कर्पोरेट कार्यालयः पो.ब.नं.: २१९०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोनः ४०१२६१३, ४०१२६१४, फ्याक्सः ९७७-१-४०१२६१५, इ-मेलः liccorporate@licnepal.com.np

प्रवेश-पत्र

शेयरधनीको नामः .... शेयर प्रमाण-पत्रमा उल्लेखित परिचय नं. .... शेयर संख्या .... मिति २०७५ चैत्र ४ गते सोमबारका दिन हुने लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र।

....
शेयरधनीको दस्तखत

विनोदकुमार भुजेल
कम्पनी सचिव

द्रष्टव्य : (१) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नुहोला। (२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्नु अनिवार्य छ।

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
(भारतीय जीवन बीमा निगमको संयुक्त लगानीमा स्थापित)
कर्पोरेट कार्यालयः पो.ब.नं.: २१९०५, चौथो तल्ला, स्टार मल, पुतलीसडक, काठमाडौं, नेपाल
फोनः ४०१२६१३, ४०१२६१४, फ्याक्सः ९७७-१-४०१२६१५, इ-मेलः liccorporate@licnepal.com.np

प्रोक्सी-फाराम

श्री संचालक समिति,
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
स्टार मल, पुतलीसडक, काठमाडौं।
महाशय,

.... जिल्ला .... न.पा./गा.वि.स. .... वडा नं. .... बस्ने म/हामी .... ले त्यस कम्पनीको शेयरवालको हैसियतले २०७५ चैत्र ४ गते सोमबारका दिन सोह्रौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .... जिल्ला .... म.न.पा/गा.वि.स. .... वडा नं. .... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .... लाई मेरो/हाम्रो प्रतिनिधी मनोनित गरी पठाएको छु/छौं।

<u>प्रोक्सी लिनेको भर्ने :</u>
दस्तखतः- ....
नामः- ....
ठेगानाः- ....
शेयर प्रमाण-पत्र नं.:- ....
कि.नं. .... देखि .... सम्म
शेयर संख्याः- ....
मितिः- ....

<u>निवेदक (प्रोक्सी दिनेले भर्ने) :</u>
दस्तखतः- ....
नामः- ....
ठेगानाः- ....
शेयर प्रमाण-पत्र नं.:- ....
कि.नं. .... देखि .... सम्म
शेयर संख्याः- ....
मितिः- ....

<u>द्रष्टव्य :</u> (१) एकभन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा फाराम रद्द हुनेछ। (२) प्रोक्सी नियुक्त भएको दरखास्त रजिष्टर्ड कार्यालयमा सभा हुन ४८ घण्टा अधि दर्ता गरिसक्नु पर्ने छ।

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौ
फोन : ०१-४०१२६१३, ०१-४०१२६१४, www.licnepal.com.np

१६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरू,

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको संचालक समितिको ९७औं बैठकको निर्णय अनुसार यस कम्पनीको १६औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका उल्लेखित विषयहरू उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सवै शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) **सभा हुने मिति, समय र स्थान :**

मिति : २०७५ साल चैत्र ४ गते सोमवार (तद्नुसार १८ मार्च, २०१९)

समय : विहान ९.०० बजेबाट शुरु।

रजिष्ट्रेशन : विहान ८.०० बाट शुरु।

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाण्डौ।

छलफलका विषयहरू :

(ख) **साधारण प्रस्तावहरू :**

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७३/०७४ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७३/०७४ को वासलात, आय-व्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(३) आ.व.२०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा संचालक समितिको सिफारिसमा कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त मदन निरौला एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री मदन निरौलाको नियुक्तिलाई अनुमोदन गर्ने।

(४) संचालक समितिबाट प्रस्तावित ०.६३% नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)।

(५) संस्थापक शेयरधनीतर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने।

(ग) **विशेष प्रस्तावहरू :**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १२% बोनस शेयर पारित गर्ने। साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी रु. १,३३,४६,७७,५००/- लाई बृद्धि गरी रु. १,४९,४८,३८,८००/- कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने। बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने।

(२) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने।

(३) प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरू (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

(४) संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक अनुमोदन गर्ने।

(५) कम्पनी ऐन, २०६३ को दफा १०५ (१ ग) बमोजिम आ.व. २०७३/०७४ मा चन्दा शिर्षक अन्तर्गत भएको खर्च अनुमोदन गर्ने।

(घ) (१) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरू।

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

साधारण सभा सम्बन्धी थप जानकारी

१. यस १६औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७५/११/२१ गतेदेखि २०७५/१२/०४ गतेसम्म बीमकको शेयर दाखिला खारेजको काम बन्द रहनेछ। मिति २०७५/११/२१ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. वा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा शेयर कारोबार भई सोको ७ कार्य दिनभित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैंकिङ्ग लि.मा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन्। नेपाल स्टक एक्सचेन्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को एथर्या ब्अअयगलत मा रहेको शेयरको आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ।

२. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने कागजात, सभाका लागि जारी गरिएको प्रवेशपत्र र कुनै एक शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता, अर्थात हितग्राहि (डिम्याट) खाताको विवरण प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाईनेछ। अन्यथा सभा स्थलमा प्रवेश पाइने छैन।

३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधी-पत्र (प्रोक्सी फाराम) भरी मिति २०७५/१२/०१ गते ३:०० बजेभित्र कम्पनीको शेयर शाखा, कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा दर्ता गराइसक्नु पर्नेछ।

४. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउने छन्।

५. संयुक्तरुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन्।

६. प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ।

७. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त भएको प्रतिनिधीले सभामा भाग लिन र मतदान गर्न पाउनेछ। यस्तो अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

७. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ।

८. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूका सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बीमकको कर्पोरेट कार्यालय स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला (ब्याग) जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्नसक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

नोटः आ.ब. २०७३/०७४ को वार्षिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले यस कर्पोरेशनको कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा आई निरीक्षण गर्नसक्ने व्यहोरा सूचित गरिन्छ।

कम्पनी सचिव
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.

Corporate Information

Registered Office	-	Kathmandu Metropolitan City Kathmandu, Nepal
Corporate Office	-	Star Mall, Putalisadak, P.O.Box:21905, Kathmandu, Nepal
Principal Activities	-	Life Insurance Business
Chief Executive Officer	-	Mr. L.P. Das (with effective from 29 Jan., 2019)
Company Secretary	-	Mr. Binod Kumar Bhujel
Consultant Actuaries	-	Mr.M.G.Diwan & Mr. Akshay Pandit M/s K.A.Pandit and Co. Consultant Actuaries 2nd Floor, Churchgate Hourse Veer Nariman Road, Fort, Mumbai
Auditors-External	-	CA, B.K.Agrawal B.K. Agrawal & Co. Chartered Accountants
Auditors-Internal	-	CA, Rajanish Dahal M/s Dev Associates Chartered Accountants Patan Dhoka, P.O.Box 252, Lalitpur
Lawyers	-	Sr.Adv.Mithlesh Kumar Singh Singh Law Company Ram Kunj, Tripureswor, Kathmandu
Bankers	-	Bank of Kathmandu Ltd, Kathmandu Nepal SBI Bank Ltd. Kathmandu
Re-insurer	-	M/s Hanover Re, Malaysia
Pan No.	-	500213148
Incorporated in Nepal Under the Companies Act 2053 with Reg.No.	-	765/057-58
Registered with Beema Samiti on	-	2058/04/23

संचालक समिति | Board of Director's

श्री हेमंत भार्गव, अध्यक्ष
अध्यक्ष इन्चार्ज, भारतीय जीवन बीमा निगम

Hemant Bhargava, Chairman
Chairman In-charge, LIC of India

श्री हेमन्त भार्गव भारतीय जीवन बीमा निगम (एलआईसी) का वर्तमान कार्यकारी अध्यक्ष इन्चार्ज हुनुहुन्छ । अर्थशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएका श्री भार्गवले एलआईसीमा सन् १९८१ मा अधिकृतस्तरबाट सेवा आरम्भ गरी बीमा, मार्केटिङ्ग, मानव संसाधन र वित्त क्षेत्रमा ३८ बर्षभन्दा बढीको कार्यानुभव संगाल्नु भएको छ । उहाँको विशेषज्ञताको क्षेत्रहरु Business Strategy, Business Development, Process and Systems, Leadership Development, Branding & product development, Micro Insurance, Office Service Operations and Informational technology रहेका छन् ।

श्री बी. वेणुगोपाल, संचालक
प्रबन्ध निर्देशक, भारतीय जीवन बीमा निगम

B. Venugopal, Director
Managing Director, LIC of India

श्री केरला विश्वविद्यालयबाट Cost Accounting & Commerce मा स्नातकोत्तर उपाधि हासिल गर्नु भएका श्री वी. बेणुगोपाल भारतीय जीवन बीमा निगम (एलआईसी) का वर्तमान प्रबन्ध निर्देशक हुनुहुन्छ । श्री बेणुगोपालले सन् १९८३ मा भारतीय जीवन बीमा निगम (एलआईसी) मा अधिकृतस्तरबाट सेवा आरम्भ गर्नुभयो । ३६ वर्षभन्दा लामो अवधि जीवन बीमा सेवामा कार्य गर्नुभएका श्री बेणुगोपालसँग सूचना प्रविधि, विजनेश रणनीति, परियोजना व्यवस्थापन, बैंकास्योरेन्स, वित्त र लेखा, पुनर्बिमा, लगानी र मार्केटिङ्ग क्षेत्रमा विशेष कार्यानुभव रहेको छ ।



श्री अशोक कुमार अग्रवाल, संचालक
प्रबन्ध निर्देशक, विशाल ग्रुप लिमिटेड

Ashok Kumar Agrawal, Director
Managing Director, Vishal Group Ltd.

श्री अशोक कुमार अग्रवाल बिशाल ग्रुप अफ इन्डस्ट्रीजका प्रबन्ध निर्देशक हुनु हुन्छ । वाणिज्य शास्त्रमा स्नातक उपाधि हासिल गर्नु भएका श्री अग्रवाल Emerging Nepal Limited, प्रुडेन्सियल इन्स्युरेन्स कम्पनी लि. र प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट प्रा. लि. को वर्तमान डाईरेक्टर समेत हुनुहुन्छ । बिगत ३० बर्षदेखि व्यापार, उद्योग, वित्तिय र सेवाका क्षेत्रहरूमा संलग्न रहनु भएका श्री अग्रवाल नेपाल समुन्द्रपार निकासी पैठारी संघ (NFTA) को पूर्व अध्यक्ष हुनु हुन्छ । यसका साथै, एनआईसी एसिया बैंक, मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि, स्वदेशी लघुवित्त वित्तिय संस्था लि., कमला रोलिङ्ग मिल्स प्रा. लि. र गोरधन्दास कमलावति परोपकारी प्रतिष्ठानमा पनि आबद्ध भई कार्यानुभव संगाल्नु भएको छ ।

श्री कुमार केशर विष्ट, संचालक
सर्वसाधारण शेयरधनी समूहबाट

Kumar Keshar Bista, Director
Public Nominee

श्री कुमार केशर विष्टले सन् २४ मे २०१६ बाट पब्लिक डाइरेक्टरकोरुपमा कार्य गरिरहनु भएको छ । यस बीमकमा आउनु पूर्व उहाँ प्राइम लाइफ इन्स्योरेन्स कम्पनीमा पब्लिक डाइरेक्टर हुनुहुन्थ्यो । श्री बिष्टले Cost and Management Accountancy (Institute of Cost Accountants of India, 1988) मा प्रोफेसनल डिग्री हासिल गर्नु भएको छ । विविध संस्थाहरूको वित्त व्यवस्थापनमा उहाँले ३७ वर्षभन्दा बढिको कार्यानुभव लिइसक्नु भएको छ । सन् १ मे २०१३ देखि हालसम्म उहाँ Deputy Team Leader of Crown Agents/DFID मा समेत कार्यरत हुनुहुन्छ । श्री विष्टले Ministry of Local Development/ /UNDP, WYG International/ /UK, Asian Development Bank/ /Manila, LBFC/ /DASU-DANIDA, United Nations Capital Development Fund, World Food Program Office Nepal, Transparency International Nepal, Economic Analysis Division of Ministry of Finance जस्ता संस्थाहरूमा Financial Management Expert and Analyst को रुपमा कार्य गरिसक्नु भएको छ ।

श्री भि.के.कुक्रेजा, स्वतन्त्र संचालक
V.K.Kukreja, Independent Director

चार्टड एकाउन्टेन्टको उपाधि हासिल गर्नु भएका श्री भि. के. कुक्रेजा M/S S.P. Chopra & Company Chartered Accountants मुम्बई, भारतका बर्तमान व्यवसायिक चार्टड एकाउन्टेन्ट हुनुहुन्छ । उहाँले ३० बर्षसम्म जीवन बीमा क्षेत्रमा काम गरी गहन अनुभव संगाल्नु भएको छ । श्री कुक्रेजाले भारतीय जीवन बीमा निगममा सन् १९८२ बाट सेवा आरम्भ गर्नुभयो र डिसेम्बर ३०, २०१२ मा सेवा निबृत हुदाँ निगमको कार्यकारी निर्देशक (बित्त र लेखा बिभाग) हुनुहुन्थ्यो । यसको अलवा श्री कुक्रेजाले निगमको अन्य महत्वपूर्ण पदहरू जस्तै एलआईसी म्युचुअल फण्डको डिपुटी जनरल म्यानेजर, एलआईसीको North, North Central/West Zones को Regional Manager (Finance & Accounts) / Investment Department प्रमुख तथा कार्यकारी निर्देशकको रुपमा सफलतापूर्वक जिम्मेवारी समाल्नु भएको थियो ।

श्री लक्ष्मी प्रसाद दास, संचालक एवं प्रमुख कार्यकारी अधिकृत
Laxmi Prasad Das, Director
Director/Chief Executive Officer

श्री लक्ष्मी प्रसाद दासको जीवन बीमा क्षेत्रमा २७ बर्षको कार्यानुभव रहेको छ । एमबिएसम्मको अध्ययन पुरा गर्नुभएका श्री दासले सन् १९९२ मा भारतीय जीवन बीमा निगम (एलआईसी) मा अधिकृतस्तरबाट सेवा आरम्भ गर्नुभएको थियो । श्री दासले एलआईसी नेपालको संचालक तथा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी २९ जनवरी २०१९ देखि सम्हालिरहनु भएको छ । उक्त जिम्मेवारी लिनुभन्दा अघि उहाँ भारतीय जीवन बीमा निगम (एलआईसी) को भुवनेश्वर डिभिजनल कार्यालयमा सिनियर डिभिजनल म्यानेजरकोरुपमा कार्यरत हुनुहुन्थ्यो । श्री दासले एल.आई.सी. अफ इण्डियाको सुचना प्रविधि, मानव संसाधन, प्रशासन, मार्केटिङ लगायत प्राय: सबै विभागमा कार्य गरी अनुभव संगाल्नु भएको छ ।

बरिष्ठ ब्यवस्थापन समूह
Senior Management Team

श्री एल.पी. दास
प्रमुख कार्यकारी अधिकृत
L.P. Das
Chief Executive Officer

श्री अभिजित घोष दस्तिदार
नायब प्रमुख कार्यकारी अधिकृत
Abhijit Ghosh Dastidar
Deputy Chief Executive Officer

श्री संजीव कुमार अग्रवाल
प्रबन्धक (आई.टि.)
Sanjeev Kumar Agrawal
Manager (IT)

श्री श्रीखण्ड श्रेष्ठ
नायब प्रबन्धक
Shreekhanda Shrestha
Deputy Manager

श्रीमती सिर्जना नेपाल
नायब प्रबन्धक
Mrs.Sirjana Nepal
Deputy Manager

श्री विपिन कुमार लाल
सहायक प्रबन्धक
Bipin Kumar Lal
Assistant Manager

श्री स्मृति राज कणेल
सहायक प्रबन्धक
Smriti Raj Kandel
Assistant Manager

अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन



Chairman's MESSAGE for 16th Annual General Meeting

आदरणीय शेयरधनीहरू, महिला तथा सज्जनवृन्द !

समस्त एल.आई.सी. परिवारकोतर्फबाट लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको १६औं बार्षिक साधारण सभामा उपस्थित सवैलाई न्यानो अभिवादन एवं स्वागत गर्न चाहन्छु। यहाँ उपस्थित शेयरधनीहरूमाझ एलआईसी नेपालको आ.ब. २०७३/७४ को वार्षिक वित्तिय विवरणहरू संक्षिप्तरुपमा उल्लेख गर्न पाउँदा खुसीको अनुभूति गरिरहेको छु।

नेपालको बीमा क्षेत्र विकासोन्मुख अवस्थामा रहेको छ। कम्पनीहरूको कार्यालय पहुँच नपुगेका देशका ती विभिन्न स्थानहरूमा पनि बीमा व्यापार भैरहेको देख्न सकिन्छ। देशका नागरिकहरूमा बीमाप्रतिको अभिरुची निरन्तर बढ्दो अवस्थामा रहेको छ।

तपाईंहरूको यो कम्पनी विविध वित्तिय तथा गैरवित्तिय मापनहरूबाट हेरिंदा आ.ब. २०७३/७४ ठूलो प्राप्तीको बर्ष रहन गएको छ। यहाँको कम्पनीले सवै पक्षहरूमा उत्कृष्ट बृद्धि हासिल गर्न सफल भएको छ। यो सफलता संचालक समितिको उचित मार्गनिर्देशन, व्यवस्थापनको राम्रो योजना, प्रशासकीय कर्मचारीहरूको कार्यसम्पादन र वजारमा अहोरात्र मेहनत गर्ने फिल्डफोर्स मित्रहरूको योगदानबाट प्राप्त भएका हुन्। हामीहरू सवैलाई अवगत भएकै कुरा हो कि उक्त बर्ष समस्त देश विविध आर्थिक र सामाजिक चुनौतीहरूबाट गुज्रिरहेको थियो। तरलताको अभाव कायम रही त्यसले राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पारेको थियो। हरेक क्षेत्रमा प्रतिकूल आर्थिक परिदृष्य विद्यमान रहँदा पनि, तपाईंहरूको यो कम्पनीले प्रायः सवै पक्षहरूमा राम्रो बृद्धिदर प्राप्त गर्न सफल भएको जानकारी गराउन चाहन्छु।

कुनै पनि जीवन बीमा कम्पनीको बीमाशुल्क आर्जनलाई त्यो कम्पनीको वित्तिय अवस्था बुझ्ने एउटा उत्तम सुचकांक मानिन्छ। म सहर्ष यहाँहरूको कम्पनीले आ.ब. २०७३/७४ मा रु. ८७०.९० करोड कूल बीमाशुल्क आर्जन गरेको जानकारी गराउन चाहन्छु जुन आ.ब.२०७२/७३ मा रु. ७०७.०१ करोड रहेको थियो। यसरी आ.ब. २०७३/७४ मा कूल बीमाशुल्क आर्जनमा २३.१८% को बृद्धिदर प्राप्त हुन गएको छ। यो बृद्धिदर प्रथम बीमाशुल्क आर्जन (रु. २६३.३४ करोड, बृद्धिदर १६.२६%) र नविकरण बीमाशुल्क (रु. ६०७.५५ करोड, बृद्धिदर २६.४५%) दुवैमा हासिल भएका हुन्।

Dear Shareholders, Ladies and Gentlemen,

On behalf of the LIC Family, I extend my warm greetings to all of you present in this 16th Annual General Meeting of Life Insurance Corporation Nepal Limited. I am delighted to present to you a brief report about activities and major accomplishments achieved during the financial year 2016/17.

Nepali insurance sector is on a thriving phase and business of insurance is reaching out to many parts of the country which were hitherto outside the radar of the insurance companies. The interest of general public towards insurance is also on the rise.

Financial Year 2016-17 had been water shed year for your Company in many financial and non-financial parameters. Your Company achieved a spectacular growth in all aspects. This was possible only due to careful planning by the management, execution by the administrative staff and hard work of field force and ably guided by the Board. It may be noted that during this period the country as a whole had been passing through many economic and social challenges. Liquidity had been scarce and that had affected all sectors of economy. Despite subdued economic scenario across the sectors, your company could show growth in almost all aspects.

Premium income of any insurance company is one of the prime indicators of its financial health. It gives me immense pleasure to inform you that your Company could collect NRs 8709.05 Million total premium in the financial year 2016-17 which was NRs. 7070.11 Million in financial year 2015-16. This way total premium income has shown 23.18 % growth during the year. This growth is distributed across both first premium (NRs 2633.49 Million, growth 16.26%) and renewal premium (NRs. 6075.56 Million, growth 26.45%).

जीवन बीमाको अर्को सम्पादन सुचकांक भनेको त्यो कम्पनीले कति बीमितहरूलाई सेवा दिइरहेको हुन्छ भन्ने हो । यो सुचकांकको आधारबाटसमेत तपाईंहरूको कम्पनी देशको एक अग्रणी जीवन बीमा कम्पनी हो । २०७४ आषाढमसान्तसम्ममा तपाईंहरूको यो कम्पनीले ७,२०,४५० जना बीमितिहरूलाई जीवन बीमा सेवा प्रदान गरिरहेको छ ।

तपाईंहरूको यो कम्पनीले लगानी नीतिलाई कोषको उच्चतम् सुरक्षा र उचित प्रतिफल प्राप्तिको सिद्धान्तलाई अवलम्बन गर्दछ । आ.ब. २०७३/७४ मा तपाईहरूको यस कम्पनीले लगानीमा अहिलेसम्मकै उच्च प्रतिफल हासिल गरेको छ । उक्त वर्ष कुल लगानीमा प्राप्त आम्दानी रु. २२२.१३ करोड रहेको थियो जुन गतबर्षको तुलनामा ४५.४३% ले बृद्धि भएको हो । एकातर्फ आम्दानीमा राम्रो बृद्धिदर देखिन्छ भने अर्कोतर्फ खर्चको क्षेत्रमा उल्लेखनीय कमी देख्न सकिन्छ । आ.ब. २०७२/७३ मा व्यवस्थापन खर्च अनुपात ६.५९% रहेको थियो भने आ.ब. २०७३/७४ मा यो अनुपात अझ झरेर ५.६६% मा आयो जुन नेपालको जीवन बीमा कम्पनीहरूमध्येमा अत्यन्त न्युन हो ।

आम्दानीमा बृद्धि र खर्चमा कमी आएका कारण कम्पनीको जीवन बीमा कोषमा सकरात्मक बृद्धि भएको छ । म यहाँहरूको कम्पनीले आ.ब. २०७३/७४ मा जीवन बीमा कोषमा रु. ३३५५.९६ करोड जम्मा गर्न सकेको सहर्ष जानकारी गराउन चाहन्छु जुन आ.ब.२०७२/७३ मा रु. २६४८.४४ करोड रहेको थियो । यसरी आ.ब. २०७३/७४ मा जीवन बीमा कोषमा २६.७१% को बृद्धिदर प्राप्त भएको छ । यी सवै सकरात्मक सुचकांकहरूले यस कम्पनीको दीर्घकालिन विकासमा योगदान पुर्‍याउने छन् । यी तथ्यहरू बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनमा देख्न सकिन्छ । सो प्रतिवेदनमा आ.ब. २०७३/७४ का लागि कम्पनीको सोल्भेन्सी मार्जिन २.९१ रहेको छ जबकि नियमनकारी निकायबाट तोकिएका न्युनतम् सोल्भेन्सी मार्जिन १.५ हो ।

कम्पनीको आ.ब. २०७३/७४ को बीमाङ्कीय मूल्याकंन (२०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको) श्री बीमा समितिबाट स्वीकृत भई प्राप्त भएको छ । २०७४ आषाढ मसान्तसम्मको बीमाङ्कीय मूल्याकंनले कूल नाफा रकम रु. १३.४९ करोड हाम्रा शेयरधनीहरूको खातामा देखाउन सफल भएको छ । संचालक समिति बैठकको निर्णय अनुसार कम्पनीले मुनाफाबाट शेयरधनीहरूलाई कम्पनीको बर्तमान चुक्ता पूँजीको १२.६३% लाभांश दिने प्रस्ताव गरेको छ जस अन्तर्गत १२% बोनस शेयर र सो बोनस शेयर लिए बापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर बापतको रकम प्रयोजनार्थ ०.६३% नगद लाभांश प्रस्तावित छन् । यस गरिमामय सभामा यस कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीलाई बृद्धि गरी रु. १,४९,४८,३८,८०० पुर्‍याउन समेत प्रस्ताव पेश गरेका छौ ।

यस कम्पनीले परिपक्वता लाभ भुक्तानी, जिबित लाभ भुक्तानी र मृत्यु दाबी पूर्णरुपले सम्पादन/फछ्र्योट गर्न सफल भई पूनः दाबी भुक्तानी सम्पादनमा नेपालको जीवन बीमा उद्योगमै एक उच्चतम् मापदण्ड कायम गर्न सफल भएको सहर्ष जानकारी गराउन चाहन्छु । ९९% ती दाबीहरू बीमा नियमावलीको म्यादभित्रै भुक्तान गरिएको तथ्यले सो उपलब्धिमा अझ सुगन्ध

The other performance parameter of a life insurance company is the number of policies that are being serviced by it. On this count as well your company is one of the leading companies of the country. As on 15th July 2017, your company was providing life insurance services to 7,20,450 policyholders.

Investment of your company had been based on a principle of utmost security of fund and reasonable return. I am happy to inform you that investment income of your company had touched record high during this financial year. The total investment income of your company had been NRs. 2221.35 Million which is a 45.43 % growth over previous year. While the income side had been showing healthy growth, the expenditure side had shown a considerable decrease. As against 6.59% management expenses ratio of Financial Year 2015-16, in the year 2016-17 management expenses ratio came down to 5.66%, which is one of the lowest in the industry.

Increase in income, decrease in expenses had resulted in growth of life fund. It gives me immense pleasure to inform you that as on 15th July 2017, the life fund of your company stands at NRs 33559.60 Million as against NRs. 26484.40 Million in the preceding financial year. This is 26.71% growth in life fund. All these positive indicators had contributed into ensuring long term sustainability of your company. This gets reflected in the Appointed Actuary's valuation report, wherein solvency margin of 2016-17 is 2.91 as against requirement of 1.5 by the Regulator.

The Company's Actuarial Valuations for 2016/17 (from Shrawan 1, 2073 to Ashad end, 2074) has been approved. After the Valuation, the Company has shown a net profit of NRs. 134.97 million under Shareholders Account. The Board of Directors has proposed 12.63% of paid up capital as dividend. Out of this profit, 0.63 % to be apportioned as cash dividend for adjustment against tax liabilities on dividends and 12% as bonus shares. The Board has also proposed to increase the Authorized Share Capital, Issued Share Capital & Paid-up Share Capital of the Company to NRs. 1494.8388 Million.

Again, your Company has set benchmarks for best servicing standards in the industry by achieving zero outstanding in maturity, survival benefit and death claims. The fact that 99% of these claims have been settled before the due date adds

थपिएको छ। आ.ब. २०७३/७४ मा कम्पनीले कूल दाबी भुक्तानी बापत रु. १८१.३८ करोड प्रदान गरेको सहर्ष जानकारी गराउन चाहन्छु। उक्त आ.ब. को अन्त्यसम्ममा यस कम्पनीले ३६ ओटा शाखा कार्यालयहरू र १४१ जना पूर्णकालिन कर्मचारी र ३७,२३७ अभिकर्ताहरूमार्फत मुलुकभर आफ्नो सेवा प्रदान गर्दै आइरहेको छ।

बि.सं. २०६८ देखि नेपालको जीवन बीमा उद्योगमा आई.एस.ओ. प्रमाणिकरण ९००१:२०१५ प्राप्त गर्ने पहिलो एवं एक मात्र जीवन बीमा कम्पनीको ताज अझै सुरक्षित राख्न सफल भएका छौं र यो प्रमाणिकरणले कम्पनीले आफ्नो व्यापार र सेवामा अन्तर्राष्ट्रिय व्यवसायिक मापदण्डलाई अवलम्बन गरेको प्रष्ट पार्दछ। आधुनिक अनलाइन सूचना प्रविधिको प्रयोग गर्दै एलआईसी नेपालले अहिले आफ्ना ग्राहकहरूलाई छिटो र सजिलो सेवा उपलब्ध गराउदै आएको सहर्ष जानकारी गराउन चाहन्छु। अहिले शेयर बजारमा यस कम्पनीको शेयर मूल्य सकरात्मक रहनुलाई आम जनसमुदायले यस कम्पनीप्रति ठूलो विश्वास र भरोसा राखेका छन् भन्ने रुपमा लिएको छु।

मेरो मन्तव्यको अन्त्यमा, निरन्तर सहयोग, संरक्षकत्व र शुभेच्छा प्रदान गर्ने सवै शेयरधनी र ग्राहकहरूलाई संचालक समितिकोतर्फबाट म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसै गरी, म नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. र अन्य सरकारी विभागहरूलाई उहाँहरूबाट प्राप्त निरन्तर सहयोग र मार्ग निर्देशनका लागि कृतज्ञता व्यक्त गर्न चाहन्छु। हाम्रा बीमाङ्की, आन्तरिक तथा वाह्य दुवै लेखापरीक्षकहरू र व्यवसायिक साझेदारहरू पनि सहयोग र मार्ग निर्देशनका लागि प्रशंसाको पात्र हुनुहुन्छ।

शेयरधनीज्यूहरू, तपाईंहरूले कम्पनीप्रति देखाउनु भएको अनवरत साथ र समर्थनका लागि विशेष धन्यवाद दिन चाहन्छु। हामीहरूलाई सदैव हौसला र विश्वास प्रदान गर्ने सवै स्टेकहोल्डरहरू धन्यवादका पात्र हुनुहुन्छ। हाम्रो कार्यलाई विश्वास गर्ने बीमितहरू, लक्ष्य हासिल गर्न निरन्तर कार्य गर्ने कर्मचारीहरू, बीमा योजनाहरूलाई बिक्री गर्न योगदान पुर्‍याउने अभिकर्ताहरू र कम्पनीको उत्थानप्रति गहन अभिरुचि, नियमित नियमन, बहुमूल्य सुझाव एवं समय प्रदान गर्नु हुने संचालक समितिका सदस्यहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। मेरा भनाईहरू समाप्त गर्नु अघि आ.ब. २०७३/७४ लाई सफल बनाउन योगदान दिने सबैलाई उच्च सम्मानकासाथ बधाई दिन चाहन्छु।

आदरणीय महिला तथा सज्जनबृन्द, यस गरिमामय सभामा तपाईहरूले प्रदान गर्नु भएको समय र सहभागिताको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु।

हेमंत भार्गव
अध्यक्ष

more shine to this achievement. Altogether the Company paid over NRs. 1813.80 million as claim payments in the fiscal. As on the date, the Company delivers its products and services through 36 outlets manned by 141 full-time employees and 37,237 agents across the entire nation.

The crowning glory of all achievements has been the ISO 9001:2015 certification received by the Company making it the first and only Life Insurance Company in Nepal since 2068 B.S. indicating the mark of the international standards being maintained and the continuation of professionalism in our sales as well as service operations. I am further happy to inform you that Life Insurance Corporation (Nepal) Limited is providing easy and quick service to our valued customers by modern information technology. I also wish to interpret the positive performance of our share price in stock market a strong vote of confidence in our company.

At the end, I on behalf of the Board, place on record its gratitude to the shareholders and customers for their continued support, patronage and goodwill. Similarly, I would like to express our sincere appreciation to the honorable Government of Nepal, Ministry of Finance, Nepal Rastra Bank, Beema Samiti-Insurance Board, Company Registrar's Office, Securities Board of Nepal, Nepal Stock Exchange Limited, CDS and Clearing Ltd and all the other departments of the government for the help and guidance. Our Actuary, Auditors, both statutory and internal and other business associates also deserve our appreciation for supporting and guiding the Company.

Dear Shareholders, I remain thankful to you for extending your ceaseless support to the company. I would like to thank all other stakeholders, as well, for their continued faith in this Company and in our strength and capabilities. I would like to thank our customers for their valuable trust, employees for their dedication and hard work towards achieving our goals, agents for their marketing acumen and Board of Directors for their continued guidance and support. Once again, before I conclude my remarks, I would like to congratulate everyone for the strong performance in financial year 2016/17.

Ladies and Gentlemen, thank you very much for your time and attention.

Hemant Bhargava
Chairman

सञ्चालक समितिको प्रतिवेदन

Director's REPORT for 16th Annual General Meeting

आदरणीय शेयरधनी, महिला तथा सज्जनबृन्द ।

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको यस १६ औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई संचालक समितिकोतर्फबाट हार्दिक अभिवादन एवं स्वागत गर्न चाहन्छौं ।

शेयरधनीज्यूहरूले कम्पनीको आ.ब. २०७३/७४ को लेखापरीक्षण भएको वित्तिय विवरण अध्ययन गरिसक्नु भयो भन्ने विश्वासका साथ हामी यहाँहरू समक्ष आ.ब. २०७३/७४ को संचालक समितिको प्रतिवेदन कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम छलफल तथा अनुमोदनको लागि पेश गर्न चाहन्छौं ।

व्यवसायको प्रकृति

यो नेपालको प्रचलित कानून, बीमा ऐन एवं नियमावली र बीमा समितिको प्रत्यक्ष नियमनमा रही जीवन बीमा व्यवसायमा संलग्न रहेको कम्पनी हो ।

आर्थिक परिदृष्य

नेपाल राष्ट्र बैंकबाट प्रकाशित मौद्रिक नीति अनुसार, "आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वका दृष्टिकोणले आर्थिक वर्ष २०७३/७४ उत्साहप्रद रह्यो । उच्च आर्थिक वृद्धि, न्यून मुद्रास्फीति र शोधनान्तर बचतको स्थितिले अर्थतन्त्रमा नयाँ आशाको संचार जगायो । अनुकूल मौसम, पर्यटक आगमनमा वृद्धि तथा समग्र आपूर्ति व्यवस्थामा आएको सुधारका कारण अर्थतन्त्र सकारात्मक दिशामा अगाडि बढ्न सक्यो । शेयर बजारमा अघिल्लो आर्थिक वर्षमा देखिएको उछाल आ.ब. २०७३/७४ मा सामान्यीकरण भयो । आ.ब. २०७३/७४ मा यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) ६.९ प्रतिशतले वृद्धि भयो । विद्युत आपूर्ति तथा लगानीको वातावरणमा आएको सुधारका कारण गैर-कृषि क्षेत्रको वृद्धिदर उच्च रहन गयो ।"

उल्लिखित आर्थिक परिदृष्यमा यस कम्पनीले आ.ब. २०७३/७४ मा प्रथम बीमाशुल्क आम्दानीमा १६.२६%, कूल जीवन बीमा कोषमा २६.७१%, लगानीमा ३०.४०% र लगानीबाट प्राप्त आयमा ४५.४३% को बृद्धिदर हासिल गर्न सफल भएको जानकारी गराउन चाहन्छौं । कम्पनीको उत्कृष्ट वित्तिय नीति, कर्मचारी तथा अभिकर्ताहरूको मेहनत र नेपाली जनसमुदायहरूले गरेको अपार बिश्वास एवं पूर्ण भरोसाबाट यी उपलब्धिहरू प्राप्त हुन सकेका हुन् ।

व्यवसायको सिंहावलोकन

बीमालेखहरूको बिक्री संख्या

Respected Shareholders, Ladies and Gentlemen!

We, the Board of Directors are delighted to welcome all the shareholders present in this 16th Annual General Meeting of Life Insurance Corporation (Nepal) Ltd.

We hope that you have all gone through the Audited Financial Statements of the Company of financial year 2073/74 (2016/17). We now present the Board of Director's report for the fiscal year 2073/74 for discussion and approval. This is in compliance with the provisions of Section 109 of the prevailing Companies Act, 2063.

Nature of Business

The Company is engaged in the business of Life Insurance in Nepal under the regulations of Beema Samiti and other prevailing laws of the Nepal.

Economic Scenario

As per monetary policy published by Nepal Rastra Bank "Nepalese economy remained buoyant in 2073/74. Relatively higher economic growth, contained inflation and a reasonable level of surplus in balance of payments have spurred a new hope. Favorable weather, a pickup in tourists arrival and improvement in overall supply situation steered the economy towards the positive direction. Stock market which was bullish in the previous year remained normal in 2073/74. The real gross domestic product (GDP) at basic price grew at 6.9 percent in 2073/74. The non-agricultural sector witnessed a higher growth on account of the improvement in power supply and investment climate."

Upon such situations, the Company has been able to show 16.26% growth in the first premium income, 26.71% growth in total life fund, 30.40% growth in investments and 45.43% growth in income from investments in the fiscal year 2073/74. These could be possible because of the prudent financial management, hard work of employees & agents and the continued faith the people of Nepal have in the Company.

Overview of Performance

Number of Policies sold

Year	2069/70	2070/71	2071/72	2072/73	2073/74
No of Policies	65022	91845	149796	146713	178511

यस कम्पनीसँग २०७४ आषाढ मसान्तसम्ममा कूल सक्रिय जीवन बीमालेखको संख्या ७,२०,४५० रहेको सहर्ष जानकारी गराउन चाहन्छौं ।

The Company has 720,450 policies in its book as at 31st Ashad 2074 (15th July 2017).

प्रथम बीमाशुल्क आम्दानी

First Premium Income

Year	2069/70	2070/71	2071/72	2072/73	2073/74
FPI (In NRs Millions)	918.94	1283.51	1819.18	2265.20	2633.49

आ.ब. २०७३/७४ मा कम्पनीले प्रथम बीमाशूल्क आम्दानीमा १६.२६% को बृद्धिदर हासिल गरेको छ। यस कम्पनीको औषत बीमाशूल्क प्रति बीमालेख रु.१२,१६५/- रहेको छ। कम्पनीले आ.ब. २०७३/७४ मा कूल बीमाशुल्क बापत रु. ८,७०.९० करोड रकम संकलन गर्न सफल भएको सहर्ष जानकारी गराउन चाहन्छौ।

व्यापार संचालन परिदृष्य

आ.ब. २०७३/७४ मा यस कम्पनीले देशभर जम्मा ३६ शाखा कार्यालयहरूमार्फत आफ्नो व्यवसाय संचालन गर्‍यो। आ.ब. २०७३/७४ को अभिलेख अनुसार जीवन बीमा क्षेत्रमा दक्ष एवं अनुभवी ३ भारतीय (एलआईसी अफ इण्डियाबाट) लगायत बाँकी सबै नेपालीहरू सम्मिलित जम्मा १४१ जना कर्मचारीहरू यस कम्पनीमा कार्यरत रहेका छन्। संचालक समितिबाट निर्देशित उच्च पदाधिकारीहरू कम्पनीको अन्य कर्मचारीहरू र फिल्ड फोर्सलाई कुशलतापूर्वक संचालन गर्दछन्। कम्पनीमा व्यवसायिक एवं सौहार्दपूर्ण वातावरणमा उच्च तहका कार्यकारीसँग सबै कर्मचारीहरू घुलमिल गर्न सक्ने सहज वातावरण विद्यमान रहेको छ। कर्मचारी र अभिकर्ताहरूको दक्षता बृद्धि गरी अझ प्रतिस्पर्धी, सबल र जिम्मेवार बनाउनका लागि बर्षभरी बिभिन्न तालिम र मार्ग निर्देशनका कार्यक्रमहरू संचालन गरिदै आएका छन्।

संचालक समिति परिवर्तन

१५औं बार्षिक साधारण सभापछि कम्पनीको संचालक समितिमा संचालक अध्यक्ष श्री भि.के. शर्माको स्थानमा श्री हेमन्त भार्गव अध्यक्ष नियुक्त हुनु भएको छ र संचालक श्री अभिजित घोष दस्तिदारको स्थानमा श्री लक्ष्मी प्रसाद दास संचालक नियुक्त हुनुभएको छ।

कारोबारलाई असर पार्ने तत्वहरु

दीर्घकालिन लगानीको अवसर बर्षभर नै कमी रहन गयो भने आ.ब.२०७३/७४ मा अल्पकालिन लगानीमा पनि ब्याजदर न्युन नै रहयो। त्यस्तो परिस्थितिमा पनि, कम्पनीले लगानीबाट बजारमा उपलब्ध व्याजदरको पूर्ण फाइदा लिन समर्थ भएको छ भने उपलब्ध भएसम्म लगानीलाई दीर्घकालिन अवधिका लागि राख्ने प्रयास गरिएका छन्। यस कम्पनीको २०७४ आषाढ मसान्तसम्मको नाफानोक्सान खाताले खुद मुनाफाको रुपमा रु. १३,४९,७३,८९७।- देखाएको सहर्ष जानकारी गराइन्छ। कम्पनीको ब्यवसायमा प्रतिकूल प्रभाव नपर्ने तरीकाले ब्यवस्थापकीय खर्चलाई सदैव नियन्त्रण र न्युनीकरण गर्ने प्रयास गरिएको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिइने छ। यस प्रकारको प्रयासबाट भविष्यमा अझ राम्रो ख्याती एवं परिणाम प्राप्त भई हाम्रा शेयरधनी र बिमितहरूलाई उच्च लाभ हुने विश्वास लिएका छौं।

We are happy to inform you that the Company could register 16.26% growth in FPI as seen above in the just ended Financial Year. The average premium per policy is NRs. 12,165. The total premium collected by the Company during 2073/74 stands at Rs 8709.05 Million.

Operational Overview

The Company operated through 36 branches during the year 2073/74. At the end of Financial Year 2073/74, the Company had 141 staff members, 3 of whom are expatriates deputed from India with ample experience & knowledge in life insurance marketing and administrations, while others are from Nepal itself. The top executives of the Company, ably supported by the Board, guide the employees and field force, and are easily accessible at any time. Several training and handholding sessions are conducted throughout the year, in addition to periodic reviews, to enhance the skills of the employees and agents so they become vibrant and responsive in competitive market.

Changes in the Board of Directors

Shri Hemant Bhargava has been appointed as Chairperson of Board of Directors replacing Shri V. K. Sharma on his retirement and Shri Laxmi Prasad Das as a Director in place of Shri Abhijit Ghosh Dastidar after the 15th Annual General Meeting.

Factors influencing our business

The lack of avenues for long term investment continued to be the major cause of concern throughout the year. The short-term interest also remained at low level in 2073/74. In that situation too, the Company was able to take full advantage of the best prevailing interest rates from investments and get most of the investments done for the longest available term during the year. The Profit & Loss Accounts of financial year 2073/74 shows a Net profit of Rs 13,49,73,897/- , the cost of operations has been kept under strict control and efforts are being made to bring it down further without affecting our operations. All these would help in creating long term goodwill & result in bringing more values to our shareholders and policyholders in the days to come.

Auditors

Chartered Accountant Sri B. K. Agrawal of M/S B. K. Agrawal & Co. had been our Statutory Auditor for the year 2073/74. He was not eligible for reappointment due to completion of 3 consecutive years of auditing for the Company. The Board of the Company requested the Office of Company Registrar to appoint statutory auditor for the Company. Following the due process, the Office of Company Registrar appointed to Sri Madan Niraula of M/S Madan Niraula & Co. as the Statutory Auditors for financial year 2074/75 (2017/18) with an annual fee of Rs. 3,25,000/- + VAT.

लेखापरीक्षक

बि. के. अग्रवाल एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री बि. के. अग्रवाल यस बार्षिक साधारण सभासम्म बैधानिक लेखापरीक्षकको रुपमा हुनुहुन्छ। श्री बि. के. अग्रवालले लगातार ३ बर्षसम्म लेखापरीक्षणको कार्य गर्नु भएको हुँदा पुनर्नियुक्तिका लागि योग्य हुनु भएन। संचालक समितिबाट बैधानिक लेखापरीक्षक नियुक्तिका लागि कम्पनी रजिष्ट्रार कार्यालयलाई अनुरोध गरियो। विद्यमान कम्पनी ऐनको प्रकृया बमाजिम कम्पनी रजिष्ट्रार कार्यालयबाट आ.ब. २०७४/७५ का लागि बार्षिक सेवाशुल्क रु.३,२५,०००|- +भ्याट दिने शर्तमा लेखापरीक्षकको रुपमा मदन निरौला एण्ड कम्पनीका श्री मदन निरौलालाई नियुक्ति गरिएको छ। यस कम्पनीको आन्तरिक लेखापरीक्षकको रुपमा विगत ३ वर्षदेखि श्री देव एशोसियट्सका चार्टड एकाउन्टेन्ट श्री रजनिश दाहाल हुनुहुन्थ्यो। तसर्थ, संचालक समितिले लेखा समितिको सिफारिसमा आ.ब. २०७४/७५ को लागि यस कम्पनीको आन्तरिक लेखापरीक्षकको रुपमा पी.एल. श्रेष्ठ एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री पी. एल. श्रेष्ठलाई रु. ६,२२,०००+ भ्याट बार्षिक सेवाशुल्क प्रदान गर्ने शर्तमा नियुक्ति गरेको छ।

लेखापरीक्षकको प्रतिवेदन

यसै प्रतिवेदनसाथ संलग्न गरिएको लेखापरीक्षकको मन्तव्य प्रतिवेदनद्वारा यस कम्पनीको हिसाब किताब प्रचलित कानून एवं प्रचलन अनुसार राखेको साथै लगानी वर्तमान कानून एवं निर्देशिका अनुसार गरेको सहर्ष जानकारी गराउन पाउँदा यसले कम्पनीको पेशागत एवं प्रणालीगत तरिका पारदर्शी र स्पष्ट भएको दर्शाएको छ। त्यसले हामीलाई अझ बढी आत्मविश्वास र हौसला समेत प्रदान गरेको छ।

शेयरको जफत

कम्पनीको शुरुवातदेखि हालसम्म कुनै पनि शेयरधनीको शेयर कम्पनीले जफत गरेको छैन।

जीवन बीमा कोष

आ.ब. २०७२/७३ को अन्त्यसम्ममा जीवन बीमा कोषमा रु. २,६४८.४४ करोड रहेकोमा त्यसमा २६.७१% ले बृद्धि भई मिति २०७३/७४ अन्त्यसम्ममा जीवन बीमा कोषमा रु. ३,३५५.९६ करोड जम्मा भएको सहर्ष जानकारी गराउन चाहन्छौ।

लगानी

आ.ब. २०७२/७३ मा कुल लगानी (बीमालेख कर्जा तथा छोटो अवधिको लगानी गरि) रु. २,६६९.९१ करोड रहेकोमा मिति २०७३/७४ मा कुल लगानी (बीमालेख कर्जा तथा छोटो अवधिको लगानी गरि) रु.३,४८१.८० करोड रहेको छ। यस अनुसार ३०.४०% ले लगानीमा बृद्धि भएको देखिन्छ साथै सम्पूर्ण लगानीहरू प्रचलित ऐन, संचालक समितिको निर्देशन एवं श्री बीमा समितिको लगानी सम्बन्धी नीति तथा निर्देशिकाको अधिनमा रही गरिएका छन्। यस कम्पनीले नेपाल सरकारको ऋणपत्र, नेपाल राष्ट्र बैंकको विकासपत्रहरू, बाणिज्य बैंक, विकाश बैंक र प्रतिष्ठित बित्तीय संस्थाहरूको मुद्दती खाताहरू, नागरिक लगानी कोष, बैंक एवं प्रतिष्ठित पब्लिक लिमिटेड कम्पनीहरूको प्रिफरेन्श शेयर, डिबेन्चर र साधारण शेयरहरूमा लगानी गरेको

Similarly, Sri Rajnish Dahal of M/S Dev Associates, Chartered Accountant had been our internal auditor till FY 2073/74 since last 3 consecutive years. So, the Board of Directors on the recommendation of the Audit Committee has appointed Sri P.L. Shrestha of M/S P.L. Shrestha & Co. as internal auditor for the financial year 2074/75 with an annual fee of Rs. 6,22,000/- +VAT.

Auditor's Report

The opinion of the Auditors on the accounts and systems of the Company is appended to this report. Their opinions that the accounts and records of the Company have been maintained properly and that the investments are made as per the laws of the land gives us ample confidence about our professional working and well laid systems.

Forfeiture of Shares

Since the inception of the Company, no shares belonging to anyone have been forfeited.

Life Fund

As at the end of financial year 2073/74, the life fund of the Company stood at NRs 33,559.60 Million as against NRs 26,484.40 Million at the end of last financial year 2072/73. This means the life fund grew at the rate of 26.71 %.



Investments

The total investments of the Company (including policy loans and short term investments) at the end of F.Y. 2073/74 stood at NRs 34,818.01 Million against NRs 26,699.11 Million at the end of F.Y. 2072/73. This shows an increase of 30.40 % and investments have been done strictly as per the guidelines and rules existing in the country as well as per directions of the Board of Directors and directives of the Regulator (Beema Samiti) from time to time. The investments have been made in Govt. Bonds, Development

छ। बजारको अवस्था त्यति अनुकूल नभएता पनि कम्पनीको बिवेकपूर्ण लगानी नीतिका कारण आ.ब. २०७३/७४ मा लगानीबाट प्राप्त हुने प्रतिफलमा ४५.४३% को बृद्धिदर हासिल गरिएको छ। उपलब्ध जगेडा रकमलाई लगानी गर्दा बिवेकपूर्ण ढङ्गले सुरक्षित र उच्चतम् प्रतिफल दिने स्थानहरूमा मात्र लगानी गर्न हामी प्रयासरत् छौं।

संचालकहरुद्वारा वितिय कारोबार

आर्थिक बर्ष २०७३/७४ मा प्रमुख कार्यकारी अधिकृत जो संचालक समेत रहनु भएको छ, उहाँलाई दिइएको पारिश्रमिक र अरु संचालकहरूलाई प्रदान गरिएको बैठक भत्ता बाहेक कम्पनीसँग सम्बन्धित वित्तीय कारोबारमा सञ्चालक र निजको नातेदारको कुनै संलग्नता रहेको छैन।

आम्दानी र ब्यवस्थापन खर्च

गत बर्षभन्दा ३०.५६% को बृद्धि हासिल भई यस बर्ष कम्पनीको कूल आम्दानी रु.१,१४३.९७ करोड रहेको छ। उक्त आम्दानीभित्र लगानीबाट प्राप्त भएको आम्दानी (कर्जा र पेश्कीबाट प्राप्त ब्याज आम्दानी सहित) समावेश छ जसको ४५.४३% को बृद्धि रहेको छ। यस कम्पनीको कूल व्यवस्थापकीय खर्च अनुपात नेपालको जीवन बीमा उद्योगमा प्रकाशित भएका प्रतिवेदनहरू हेर्दा न्यून रहेको देखिन्छ जुन खर्च अनुपात ५.६६% रहेको छ।

संचालक तथा पदाधिकारीहरुलाई गरिएको भुक्तानी

कम्पनीको नियमानुसार आ.ब. २०७३/७४ मा कम्पनीको संचालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरूलाई जम्मा रु.१,६६,६०,९९६।– भुक्तानी गरिएको छ।

संचालक तथा पदाधिकारीहरूलाई भुक्तान गरिएको रकम विवरण

Bonds of Nepal Rastra Bank, Fixed deposits (Commercial Banks, Development Banks, Finance Companies, Citizen's Investment Trust), Preference Shares and Debentures of Banks and reputed public limited Companies, and in the equities of reputed public limited companies. Due to strict investment norms followed by the Company, the investment income has shown an increase of 45.43% in the financial year 2073/74 even though the market conditions were not so conducive. It is our endeavor to invest our surplus in a prudent manner keeping the safety of funds uppermost in our mind but without losing sight of higher returns.

Financial Transactions by Directors

During the financial year 2073/74, the Company has not entered into any financial transactions with either the Directors of the Company or their relatives in any manner whatsoever except payment of salary to the CEO, who is also a Director and payment of sitting fees to all the Directors of the Company.

Income and Management Expenses

The total income of the Company during the financial year was NRs. 11,439.74 Million, showing a growth 30.56% over that of last year, with income from investment (including interest incomes from loans and advances) registering 45.43% growth during the year. The total management expense ratio of the Company continues to be one of the lowest in the industry as seen from the reports published which is 5.66%.

Payment to Directors and other Executives

A total of NRs. 16,660,996/- have been paid to Directors, CEO and other Executives of the Company as per laid down rules, in the year 2073/74.

Statement of Remuneration of Directors and Executives is as under:

Name	Designation	Amount Paid (NRs.)	Type of Payment
Mr. V. K. Sharma	Chairman	18,000	Sitting Fee*
Mr. B. Venugopal	Director	20,000	Sitting Fee*
Mr. Ashok Agrawal	Director	50,000	Sitting Fee
Mrs. Usha Sangwan	Director	27,500	Sitting Fee*
Mr. V. K. Kukreja	Director	52,500	Sitting Fee
Mr. Kumar Keshar Bista	Director	40,000	Sitting Fee
Mr. P.R. Mishra	EX-CEO	1,162,070	Salary and other amenities
Mr. S.C. Pattnayak	Ex-Designated CEO	201,024	Salary and other amenities
Mr. Abhijit Ghosh Dastidar	Officiating CEO	16,000	Sitting Fee*
		7,855,681	Salary and other amenities
Mr. Sudhir Sagar	Manager IT	7,218,221	Salary and other amenities
Total		**16,660,996**	

*उहाँहरू भारतीय जीवन बीमा निगमको कर्मचारीहरू भएको हुँदा उक्त बैठक भत्ताहरू निगमको नाममा भुक्तानी गरिएका छन्।

These payments are made to L.I.C. of India as these directors are employees of LICI.

सम्पति खरिद

कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम संचालक समितिले पारित गरेको योजना बमोजिम सवारी कारहरू कम्पनीको अधिकृतहरूको प्रयोजनार्थ किनिएका छन् सो बाहेक अरु कुनै पनि सम्पति खरिद वा बिक्री गरिएको छैन ।

बीमाकोषको मूल्याङ्कन

बीमा समितिको निर्देशन बमोजिम बीमा कम्पनीहरूले हरेक बर्ष बीमाङ्कीय मूल्याकंन गराउनु पर्ने व्यवस्था रहेको छ। यस कम्पनीको आ.ब. २०७३/७४ को वार्षिक बीमाङ्कीय मूल्याकंनबाट बचत रु.६,०८,३४,६५,३३८।- प्राप्त हुन आयो र सोबाट रु.३,३७,३४,६९,४०१।- बोनसको रुपमा बिमितहरूलाई वितरण गरिएको छ जुन आँकडाहरू यहाँहरूले कम्पनीको आ.ब. २०७३/७४ को वित्तिय विवरणमा पनि देख्न सक्नु हुनेछ।

आ.ब. २०७३/७४ सम्मको कम्पनीको सोल्भेन्सी र पूँजी पर्याप्तताको सन्दर्भमा बीमाङ्कीय प्रमाणीकरण यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ ।

बिमितहरूको लागि बोनस

आ.ब. २०७३/७४ का लागि बिमितहरूलाई निम्नानुसारको बोनसदर कायम गरिएको छ ।

Purchase of Property

No property has been purchased or sold by the Company during the financial year 2073/74 as per section 141 of the Companies Act, 2063, except for purchase of cars for the use of officers as per the scheme approved by the Board.

Valuation of Life Fund

As per the instruction of Beema Samiti, a life Insurance Company is required to undertake valuation of its funds by an Actuary on yearly basis. The annual valuation results for F.Y. 2073/74 has shown a surplus of NRs 6,083,465,338 out of which NRs 3,373,469,401 is distributed to the Policyholders as Bonus & these figures are reflected in the financial statements of 2073/74.

Certification of the actuary regarding solvency of the company and its capital adequacy up to F.Y. 2073/74 is appended with the report.

Bonus to Policyholders

The Bonus rates of the company for F.Y. 2073/74 are as below:

	Policy Term	Bonus/1000/year
Endowment (including Jeevan Anand)	5 to 19	61
Endowment (including Jeevan Anand)	20 to 24	65
Endowment (including Jeevan Anand)	25 and above	75
Money Back	15	61
Money Back	20	62
Money Back	25	63
	Premium Term	**Bonus**
Jeevan Tarang	10	61
Jeevan Tarang	15	63
Jeevan Tarang	20	72

शेयरधनीहरुलाई लाभांश तथा बोनस

आ.ब. २०७३/७४ को अन्तिम बीमाङ्कीय मुल्याकंनहरूबाट आएको परिणामलाई समावेश गरेपश्चात कम्पनीले कूल नाफा रकम रु. १३.४९ करोड रकम शेयरधनी खातामा राख्न सफल भएको छ। संचालक समितिले यस कम्पनीको नाफाबाट हाम्रा शेयरधनीहरूलाई कम्पनीको चुक्ता पूँजीको १२.६३% लाभांश (रु. १६,८५,६९,७६८ लाभांश) दिने प्रस्ताव गरेको छ जस अन्तर्गत १२% बोनस शेयर र सो बोनस शेयर लिए बापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर बापतको रकम प्रयोजनका लागि ०.६३% नगद लाभांश प्रस्तावित छन् । संचालक समितिले कम्पनीको हालको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजीलाई बृद्धि गरी रु.१,४९,४८,३८,८०० पुर्याउन यस गरिमामय सभामा प्रस्ताव गर्ने निर्णय गरेको छ।

Dividend & Bonus for shareholders

With the closing of the books of Accounts after the inclusion of the valuation results for F.Y. 2073/74, the Company has shown NRs 134.97 Million as net profit in the Shareholders account. The Board of Directors proposes 12.63% of paid up capital amounting NRs 168,569,768 as dividend out of this profit to our valued Shareholders where 12% as Bonus Share and 0.63% as cash dividends to meet tax on the total dividend so declared are to be apportioned. The Board of Directors also proposes to increase the Authorized Share Capital, Issued Share Capital & Paid up Share Capital of the Company to NRs 1494.8388 Million.

ग्राहक सेवाहरु

नेटवर्किङ्ग, बीमाशूल्क भुक्तानी र मोबाइल एसएमएस सेवा

यस कम्पनीले विभिन्न सेवा प्रदान गर्न अत्याधुनिक सूचना प्रविधिको प्रयोग गरिरहेको छ। आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै ग्राहकहरूलाई सफलतापूर्वक "जुनसुकै शाखाबाट बीमाशुल्क भुक्तानी गर्न मिल्ने सेवा" उपलब्ध गराउँदै आएको छ। त्यसै गरी, हाल कम्पनीले मोबाइल एसएमएस सूचना सेवा र वेभसाइटमा अनलाइन पोर्टल सेवामार्फत बिमितहरूलाई बीमा अवधिको समाप्ति, बीमाशुल्क रकम भुक्तानी गर्नु पर्ने बारे अग्रिम जानकारी, बीमाशुल्क भुक्तानी प्राप्त भएको जानकारी, बीमालेख कर्जा भुक्तानी, समर्पण, जीवित लाभ र परिपक्वता लाभ भुक्तानीहरूको बारेमा जानकारी गराइन्छ।

मृत्यु दाबी

आ.व. २०७३/७४ मा कम्पनीले जम्मा ७११ वटा मृत्यु दाबीहरू सम्पन्न गरी रु.२३.१५ करोड रकम भुक्तानी गरेको छ। सुरुवातदेखि हालसम्म ३,५३३ वटा मृत्यु दाबीहरू फछ्र्योट गरी रु. ७५.३८ करोड रकम भुक्तानी भई सकेको छ। आ.ब. २०७३/७४ मा परिपक्वता लाभ, जिबित लाभ र मृत्यु दाबी भुक्तानी पूर्णरुपले फछ्र्योट गर्न सफल हुँदै पूनः दाबी भुक्तानी सम्पादन कार्यमा नेपालको जीवन बीमा उद्योग मै यस कम्पनीले उच्चतम मापदण्ड कायम गर्न सफल भएको सहर्ष जानकारी गराउन चाहन्छौ। कम्पनीले भुक्तानी गर्नु पर्ने सबै परिपक्वता लाभ र जिबित लाभ भुक्तानीहरू बीमा नियमावलीको म्यादभित्रै सोही आर्थिक बर्षमा सम्पादन गरिएकाले कम्पनीको सफलतामा अझ सुगन्ध थपिएको छ। यस बर्ष भुक्तानी भएको कूल दाबी (मृत्यु+ परिपक्वता+जिवित लाभ) रकम रु.१८१.३८ करोड रहेको जानकारी गराउँदछौ।

अन्य ब्यापारिक क्रियाकलापहरु

